# प्रभु येशूको जन्म




**लेखन** Edward Hughes
**चित्र** M. Maillot

**अनुवाद** B.K. Shrestha
**संयोजन** E. Frischbutter; Sarah S.


Story 36 of 60


**M1914.org**

**Bible for Children, PO Box 3, Winnipeg MB  R3C 2G1  Canada**



अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।


धेरै पहिला परमेश्वरले गब्रिएल
स्वर्गदूतलाई मरियम नाम गरेकी एउटी
सुन्दरी यहूदी कन्याकहाँ पठाउनुभयो ।



1

तिनले उनलाई भने, “तिमीले एउटा छोरो
जन्माउनेछ्यौ र उहाँको नाम येशू राख्नेछ्यौ ।
उहाँ परमप्रधानका पुत्र कहलाइनुहुनेछ ।
उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ ।”



2

परमेश्वरले ती ज्ञानी मानिसहरूलाई गोप्य
तरिकाले घर फर्कन चेताउनी दिनुभयो ।
हेरोद क्रोधित भए । प्रभु येशूलाई नाश
पार्ने अठोट गरेका ती दुष्ट शासकले
बेथलेहेमका सबै बालकहरूलाई मारे ।



19

तर हेरोदले परमेश्वरका पुत्रलाई
हानि पुऱ्याउन सकेनन् ! सपनामा
चेताउनी पाएर योसेफले मरियम
र प्रभु येशूलाई सुरक्षाको निम्ति
मिश्रदेशमा लगे ।



20



हेरोदको मृत्यु भएपछि
योसेफले मरियम र प्रभु येशूलाई
मिश्रदेशबाट फर्काएर ल्याए । उहाँहरू गालील
समुद्रको नजिकै पर्ने नासरत भनिने सानो नगरमा बसोवास गर्नुभयो ।

21

प्रभु येशूको जन्म

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

मत्ती १–२, लूका १–२
मा पाइन्छ

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।”
भजनसंग्रह ११९:१३०

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई
उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा
मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो ।
त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब
परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो
भनः प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र
मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि
तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई
सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !

नेपाली Nepali


छक्क परेकी ती केटीले सोधिन्, “यो कसरी हुन सक्छ, किनकि म एक कन्या हुँ ?” ती बालक परमेश्वरको तर्फबाट आउनुहुनेथियो भनी स्वर्गदूतले मरियमलाई भने । उहाँको कुनै मानव पिता थिएन ।
3
मरियमकी नातेदार एलीशिबाले वृद्धावस्थामा बालक जन्माउन लागेकी थिइन् भनी ती स्वर्गदूतले मरियमलाई भने । यो पनि एउटा आश्चर्यकर्म थियो । त्यसको लगत्तै मरियम एलीशिबालाई भेट्न गइन् । तिनीहरूले सँगसँगै परमेश्वरको प्रशंसा गरे ।
4
मरियमको मगनी योसेफ नाम गरेका पुरुषसँग भएको थियो । मरियम गर्भवती भएको थाहा पाएर योसेफ दुःखी भएका थिए । तिनले ती बालकको पिता अर्कै थियो भनी सोचे ।
5
यी बालक परमेश्वरका पुत्र हुनुहुन्थ्यो भनी परमेश्वरका स्वर्गदूतले योसेफलाई सपनामा भनिदिए । प्रभु येशूको हेरचाह गर्नमा योसेफले मरियमलाई सहायता गर्नुपर्दथ्यो ।
6
योसेफले परमेश्वरमाथि भरोसा गर्दै उहाँको आज्ञा पालन गरे । तिनले आफ्नो देशको कानुन पनि माने । नयाँ कानुनअनुसार तिनी र मरियम कर तिर्नको लागि आफ्नो गृहनगर बेथलेहेमतिर लागे ।
7
मरियमको सुत्केरी हुने बेला आयो । तर योसेफले कहीं पनि बस्ने ठाउँ पाएनन् । सबै पौवाहरू भरिएका थिए ।
8
अन्त्यमा योसेफले एउटा गोठ भेट्टाए । त्यहाँ नै बालक येशूको जन्म भयो । उहाँकी आमाले उहाँलाई डुँडमा राखिन् जहाँ जनावरहरूलाई खाना दिइन्छ ।
9
नजिकै गोठालाहरू आफ्ना बगालको रक्षा गर्दै बसेका थिए । परमेश्वरका स्वर्गदूत देखा परेर तिनीहरूलाई अचम्भको खबर बताए ।
10
“आज दाऊदको सहरमा तिमीहरूका निम्ति एकजना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ । तिमीहरूले एउटा बालकलाई डुँडमा सुताइराखेको भेट्टाउनेछौ ।”
11
अचानक, परमेश्वरको प्रशंसा गर्दै धेरैजना चम्किला स्वर्गदूतहरू देखा परे, “सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा मानिसहरूलाई शान्ति ।”
12
ती गोठालाहरू हतारिँदै त्यो गोठतिर लागे । ती बालकलाई देखेपछि तिनीहरूले प्रभु येशूको बारेमा स्वर्गदूतहरूले भनेका कुरा सबैलाई बताए ।
13
चालीस दिनपछि, योसेफ र मरियमले प्रभु येशूलाई यरूशलेमको मन्दिरमा ल्याए । त्यहाँ बालक प्रभु येशूलाई देखेर शिमियोन नाम गरेका मानिसले परमेश्वरको प्रशंसा गरे र परमप्रभुकी अर्की दासी वृद्ध हन्नाले परमेश्वरलाई धन्यवाद चढाइन् ।
14
ती दुवैले प्रभु येशू परमेश्वरका पुत्र, प्रतिज्ञा गरिनुभएका उद्धारकर्ता हुनुहुन्थ्यो भनी थाहा पाए । योसेफले दुईवटा चरा बलिदान चढाए । योचाहिँ गरिब मानिसहरूले नवजात शिशुलाई परमप्रभुकहाँ अर्पण गर्न ल्याउँदा चढाउनुपर्ने भेटी थियो ।
15
केही समयपछि एउटा विशेष ताराले यरूशलेमको पूर्वतिरको देशका ज्ञानी मानिसहरूलाई अगुवाइ गऱ्यो ।
“यहूदीहरूका राजा भई जन्मने कहाँ हुनुहुन्छ ?” तिनीहरूले सोधे । “हामी उहाँलाई दण्डवत् गर्न आएका छौं ।”
16
हेरोद राजा ती मानिसहरूका कुरा सुनेर आत्तिए । प्रभु येशूलाई भेट्टाएपछि आफूलाई पनि जानकारी दिन तिनले ती मानिसहरूलाई अनुरोध गरे । “म पनि तिनलाई दण्डवत् गर्नेछु,” हेरोदले भने । तर तिनले झूटो बोलिरहेका थिए । हेरोदले त प्रभु येशूलाई मार्न चाहेका थिए ।
17
त्यो ताराले ती ज्ञानी मानिसहरूलाई मरियम र योसेफ नवजात शिशुलाई लिएर बसेकै घरमा पुऱ्यायो । घुँडा टेकेर दण्डवत् गरी ती यात्रीहरूले प्रभु येशूलाई सुन र अत्तरका बहुमूल्य उपहारहरू दिए ।
18